बैठक संख्या: ५६

आज मिति २०८३ साल असार महिनाको ९ गतेका दिन यस बुढीगंगा नगरपालिकाका नगर प्रमुख श्री राम बहादुर बानियाँज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको चालु आ.व. २०८२/०८३ को एघारौं बैठक बसी तपसिलको उपस्थितीमा देहायका निर्णयहरु गरियो ।

तपशिलः

| हस्ताक्षर | क्र.स. | नाम, थर | पद | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | १. | श्री राम बहादुर बानियाँ | नगर प्रमुख | ९८५८४८३९९१ |
| | २. | श्री माया खड्का कुँवर | नगर उपप्रमुख | ९८४८५४०३७२ |
| | ३. | श्री रण बहादुर थापा | १ नं. वडा अध्यक्ष | ९८४१८०८४६७ |
| | ४. | श्री पदम बहादुर भण्डारी | २ नं. वडाध्यक्ष | ९८४८४८०२८६ |
| | ५. | श्री खडक बहादुर अधिकारी | ३ नं. वडा अध्यक्ष | ९८४८६०९२३० |
| | ६. | श्री मिन बहादुर शाह | ४ नं. वडा अध्यक्ष | ९८६८८१३२३२ |
| | ७. | श्री चक्र बहादुर थापा | ५ नं. वडा अध्यक्ष | ९८४७२८२१७० |
| | ८. | श्री हेमराज जैशी | ६ नं. वडा अध्यक्ष | ९८४८६४४७२५ |
| | ९. | श्री भवन सिं के.सी. | ७ नं. वडा अध्यक्ष | ९८६५६६८२९५ |
| | १०. | श्री रमेश बहादुर रावल | ८ नं. वडा अध्यक्ष | ९८४८६४८४९२ |
| | ११. | श्री मिन बहादुर सिंह | ९ नं. वडा अध्यक्ष | ९८६७७३९६४६ |
| | १२. | श्री दल बहादुर साउद | १० नं. वडा अध्यक्ष | ९८४६४८४३४९ |
| | १३. | श्री प्रेम बहादुर दमाई ( नेपाली) | कार्यपालिका सदस्य | ९८६४९९४४९३ |
| | १४. | श्री सर्पजित सार्की | कार्यपालिका सदस्य | ९८४८६४५०३४ |
| | १५. | श्री विष्णु उखेडा | कार्यपालिका सदस्य | ९८६५५६०८६७ |
| | १६. | श्री बसन्ती देवि पाध्याय | कार्यपालिका सदस्य | ९७४८८६३४६७ |
| | १७. | श्री शुसिला कुमारी मिजार | कार्यपालिका सदस्य | ९८४८६४४०४९ |
| | १८. | श्री निरुता सुनार | कार्यपालिका सदस्य | ९८६५६९१६११ |
| | १९. | श्री बुदि देवी नेपाली | कार्यपालिका सदस्य | ९८६९९१९६७३ |
| | २०. | श्री अफ्सरा देवी थापा | कार्यपालिका सदस्य | ९८६५५३४१८६ |
| | २१. | श्री दिपक भण्डारी | प्रमुख प्रशासकीय अधिकृत | ९८४१७३६६५८ |

CamScanner

बुढीगंगा नगरपालिकाको ५६ औ तथा आ.व.२०८२/०८३ को नवौ वैठकमा प्रस्तुत प्रस्तावहरु:

१. आ व २०८३ ०८४ को निती तथा कार्यक्रम पास गर्ने सम्वन्धमा ।

२. आ व २०८३ ०८४ को विनियोजन विद्येयक पास गरी सभामा पेश गर्ने सम्वन्धमा।

३. आ व २०८३ ०८४ को आर्थिक विधेयक पास गरी सभामा पेश गर्ने ।

४. निक्षेप तथा कर्जा सुरक्षण कोषको साझेदारी बजेट जम्मा गर्ने सम्वन्धमा ।

५. नगर सभाको १४ औ अधिवेशनको कार्यसूची र प्रस्ताव पास गर्ने सम्वन्धमा ।

६. खाद्य अधिकार तथा खाद्य प्रणाली रणनितिक योजना २०८३ पास गर्ने सम्वन्धमा ।

७. संघ अन्तर्गत अनुदान तथा साझेदारीमा कार्यरत कर्मचारीको स्थानीय भत्ता तथा मंहगी भत्ता सम्वन्धमा ।

८. लैंगिक हिंसा रोकथाम तथा पिडित संरक्षणका लागि व्यवस्था गर्न बनेको विधेयक २०८३ पास गरि सभामा पेश गर्ने सम्वन्धमा ।

९. लैंगिक हिंसा पिडित सहायता कोष सञ्चालन नियमावली २०८३ पास गरी सभामा पेश गर्ने सम्वन्धमा ।

१०. विविध सम्वन्धमा ।

क) सम्मान तथा पुरुस्कार सम्वन्धमा ।

ख) राजश्व दाखिला सम्वन्धमा ।

ग) मिडिया हाउसको भुक्तानी सम्वन्धमा ।

घ) राष्ट्रपती रनिङ शिल्डको दायित्व सम्वन्धमा ।

ङ) विपद राहत तथा औजार सम्वन्धमा ।

च) आइरिस खरिद सम्वन्धमा ।

छ) सवारी मर्मत सम्वन्धमा ।

२०८३/०२/०६

राम बहादुर बानियाँ

नगर प्रमुख

निर्णय नं १

बुढीगंगा नगरपालिका नगर सभाको १४ औ नगर सभा अन्तर्गत यहि मिति २०८३ साल असाढ महिनाको ०५ गतेका दिन प्रस्तुत निती तथा कार्यक्रम माथि गहन छलफल गरी हुबहु यस नगर कार्यपालिकाको बैठकबाट पारित भएको निर्णय गरियो ।

निर्णय नं २

बुढीगंगा नगरपालिकाको लागि आर्थिक वर्ष २०८३ ०८४ का लागि संघिय सरकार र प्रदेश सरकार बाट प्राप्त विभिन्न अनुदान तथा नगरपालिकाको अनुमानित आन्तरिक श्रोत समेतलाई आधार मानी स्थानीय सञ्चित कोषमा जम्मा हुने रकमको विनियोजन तथा कार्यन्वयन निर्धारित ऐन नियम बमोजिम १४ औ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

बुढीगंगा नगरपालिकाको चालु आर्थिक ऐनको समिक्षा गरी राजश्व परामर्श समितिको बैठक बाट पारित प्रस्तावित आ व २०८३ ०८४ को आर्थिक विधेयक माथि छलफल तथा केही बुदा संशोधन सहित पारित गरि १४ औ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४

बुढीगंगा नगरपालिका र निक्षेप तथा कर्जा सुरक्षण कोष बिच भएको साझेदारी बमोजिम UNDP को सहयोगमा कोषमा कृषि ऋण प्रदान तथा कर्जा प्रवाह गरी कृषकलाई सहुलियतपूर्ण ऋणमार्फत स्वाभालम्बन बनाउन नगरपालिका जमानत बस्ने तथा सिफारिस गर्ने र कोषको नियमानुसार बार्षिक रुपमा जम्मा गर्ने रकम साझेदारी बजेटका रुपमा जम्मा गर्न बजेट सभाबाट श्रोतको सुनिश्चितता गर्ने निर्णय गरियो ।

निर्णय नं ५

बुढीगंगा नगरपालिका नगर सभाको १४ औ अधिवेशन संचालनका लागि तयार पारिएको कार्यसूचि र प्रस्तावहरु पास गर्ने र सोही बमोजिम असार १० गते सभा सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

बुढीगंगा नगरपालिका बाट संघिय ऐनमो अधिनमा रही निर्माण भएका खाध्य अधिकार तथा खाध्य रणनीतिक योजना २०८३ पास गरी नगर सभामा पेश गर्ने निर्णय

निर्णय नं ७

बुढीगंगा नगरपालिका अन्तर्गत संघिय तथा प्रदेश अनुदान तथा साझेदारी संचालित कार्यक्रममा कार्यरत करार कर्मचारीको मंहगी भत्ताको सन्दर्भमा सर्वोच्च अदालतको आदेश बमोजिम मापदण्ड बनाएर सकेसम्म आन्तरिक

२०८३।०३।०५

CamScanner

श्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्ने र स्थानीय भत्ताको हकमा दिन मिल्ने कहि कतै उल्लेख नभएको अत्यधिक व्ययभार हुने भएकाले थप छलफल तथा परामर्श गर्ने निर्णय गरियो ।

निर्णय नं ८

बुढीगंगा नगरपालिकाले संघिय ऐन नियमको अधिनमा रही निर्माण गरेको लैंगिक हिंसा रोकथाम तथा पिडितको संरक्षणका लागि व्यवस्था गर्न बनेको विधेयक, २०८३ लाई पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ९

बुढीगंगा नगरपालिका बाट निर्माण भएको लैंगिक हिँसा पिडित सहायता कोष सञ्चालन नियमावली, २०८३ पारित गरी १४ औ नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं १०

१. बुढीगंगा नगरपालिकाको बजेट अधिवेशन बाट स्थापना भई प्रत्येक बर्ष प्रदान गर्दै आएका सम्मान तथा पुरुस्कारहरु प्रदान गर्नका लागि यस बर्ष तपशिल बमोजिमका व्यक्तित्वहरुलाई छनोट गरी नगर सभाबाट सम्मान गर्ने निर्णय गरियो ।

   क) शेर बहादुर शाह सेवा समाज सम्मान पुरुस्कार – देव बहादुर थापा, बुढीगंगा नगरपालिका ५ बाजुरा र गोकुल बहादुर शाह, बुढीगंगा नगपालिका ९ बाजुरा ।

   ख) रत्नाकर जोशी साहित्य सम्मान – गणेश चौतारी, बुढीगंगा नगरपालिका ६ बाजुरा ।

   ग) नरसिंह गिरी शैक्षिक सम्मान पुरुस्कार – जहरसिंह थापा, बुढीगंगा नगरपालिका ३ बाजुरा ।

   घ) चेत्तनदिप ऐडी सफल युवा उद्यमी पुरुस्कार – पदम रावत, बुढीगंगा नगरपालिका १ बाजुरा ।

   ङ) राष्ट्रसेवक कर्मचारी विशिष्ट योगदान पुरुस्कार – प्रेमराज जैशी , बुढीगंगा नगरपालिका ६ बाजुरा ।

   च) स्वास्थ्य सेवा विशिष्ट योगदान पुरुस्कार – लोकसरी थापा(म.स्वा.स्व),बुढीगंगा नगरपालिका ५ बाजुरा ।

   छ) शिक्षक कर्मचारी विशिष्ट योगदान पुरुस्कार – बहादुर थापा, बसन्त आ.वी, बुढीगंगा नपा-२, बाजुरा ।

२. विगतमा यस नगरपालिकाको नाममा नेपाल टेलिकमबाट ४ वटा सिम प्रयोगमा आएको देखिएको तर हालका मितिसम्म नियमानुसार राजश्व दाखिला गर्नुपर्नेमा सो सन्दर्भमा परिपत्र आएकोमा सो बाफतको भुक्तानी आगामी नगर सभा बाट श्रोत सुनिश्चित गरी गर्ने निर्णय गरियो ।

३. विभिन्न मितिमा विभिन्न मिडियाबाट भुक्तानीका लागि निवेदन प्राप्त भएकोको स्रोतको अभावका कारण आवश्यक प्रकृया पुगेका, कागजात तथा सम्झौता भई तोकिए बमोजिम कामकाज गरेका आधिकारिक मिडियालाई नियमानुसार दिन मिल्ने न्यूनतम रकम भुक्तानीको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

२०८२।०२।०८

४. गत बर्ष बुढीगंगा नगरपालिका वडा नं ५ स्थित भानोदय माध्यामिक विद्यालयमा भएको जिल्ला स्तरिय राष्ट्रपती रनिङ शिल्ड प्रतियोगिता कार्यक्रम सञ्चालनका क्रममा भानोदय मा.वी.को क्यान्टिनमा आयोजक तथा अथितीको खाना / खाजा खर्च बाफतको करिव ८० हजार रकम दायित्वको रुपमा रहेकोले सोको भुक्तानी आगामी नगर सभाबाट निर्णय गरी शिक्षा क्षेत्रको शिर्षक बाट भुक्तानीको व्यवस्था मिलाउने निर्णय गरियो ।

५. बुढीगंगा नगरपालिकाबाट आ व २०८२/०८३ मा विपद व्यवस्थापन शिर्षकमा विनियोजित बजेट बमोजिम वडा कार्यालयले आवस्यक प्रकृया पुर्याएर बास्तविक विपद पिडितलाई निर्णय गरी राहत वितरण तथा आवस्यक विपद औजार खरिद गर्ने सोही बमोजिम नगरपालिकाले भुक्तानी गर्ने निर्णय गरियो ।

६. बुढीगंगा नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता दर्ता तथा नविकरण कार्यलाई थप सरलिकृत तथा प्रभावकारी बनाउन यसै आर्थिक बर्षमै कार्यालय मशलन्ध शिर्षकबाट व्ययभार हुने गरी बढीमा ३ वटा आइरिष मेशिन खरिद गर्ने निर्णय गरियो ।

७. बुढीगंगा नगरपालिका अन्तर्गत रहेका चार पाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनको मर्मत सम्भार भई विल पेश भएका तर रकम अभावका कारण भुक्तानी हुन नसकेकोमा बास्तविक खर्चको मुल्यांकन गरेर श्रोत सुनिश्चित गरी न्यूनतम रकम भुक्तानी गर्ने निर्णय गरियो ।

२०८२/०८/०८